नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np

प.सं.

मिति: २०७८ कार्तिक ९ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गौरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

# प्रेश विज्ञप्ती

न्यायपालिका जनताको आस्था र विश्वासको धरोहर हो । यसका काम, कारवाहीहरु स्वच्छ, निष्पक्ष, स्वतन्त्र, जवाफदेही र पारदर्शी हुनुपर्ने कुरामा आम सर्वसाधारणको विश्वास रहेको छ । कहिंकतैबाट उक्त विश्वासमा आँच आउने कार्यले न्यायपालिकाको गरिमा कायम रहन सक्दैन । नेपालको न्यायिक इतिहासमा न्यायपालिका अहिले गम्भीर बिबादमा परेको छ । न्यायपालिकालाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, सक्षम बनाउन र न्यायपालिकालाई चुस्त, दुरुस्त बनाउन संविधानले सम्माननीय प्रधान न्यायाधीशज्यूलाई जिम्मेवारी तोकेको अवस्था छ ।

नेबाएले समय समयमा न्यायपालिकाका विकृति, विसंगति हटाउनका लागि गम्भीर छलफल र सल्लाहकार समितिको सुझाव समेतका आधारमा सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष विस्तृत सुझाव र ध्यानाकर्षण गराईएको र नेबाएको ध्यानाकर्षण बमोजिम महत्वपूर्ण समितिहरु गठन समेत भएका थिए । यसै क्रममा एउटा समितिको प्रतिवेदन पेश भई सार्वजनिक गरि कार्यान्वयन गर्ने सन्दर्भमा पटक-पटक प्रधान न्यायाधीशज्यूबाट सार्वजनिक प्रतिवद्धता व्यक्त भएता पनि व्यवहारमा देखिने गरि सुधारका कुनै पनि कार्यहरु नभएको बरु विकृति, विसंगति र विचौलियाको प्रभाव र दबाब मौलाउँदै गएको अवस्था रह्यो ।

सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरीकृष्ण कार्की संयोजक रहेको समितिको प्रतिबेदन सार्वजनिक भईसकेपछि उक्त प्रतिवेदनले औल्याएका कमी, कमजोरीलाई सुधार गर्न दिएका सुझावहरु कार्यान्वयन हुन्छन् भनी न्याय तथा कानून क्षेत्रका साथै सर्वसाधारणमा समेत आशा र विश्वास जागेको अवस्थामा पेशी व्यवस्थापन, वेञ्च गठन लगायतका कुरामा प्रधान न्यायाधीशज्यू कर्तव्य विमुख भएको देखिनु आश्चर्यको विषय बनेको छ । नीतिगत रुपमा गर्न सकिने नियमावली, कार्यविधि, मापदण्ड निर्माण समेतका काममा र इजलास नियमित गर्ने समेतका कुराहरुमा समेत सुधार भएको छैन ।

केही मुद्दाहरुमा अस्वभाविक रुपमा पेशी नचढाई सुनुवाई गर्न ढिलाई गरेको, केही मुद्दाहरुमा अविश्वसनीय तरिकाले छिटो पेशी राखि सुनुवाई गर्ने गरेको, मन्त्रिपरिषद् र संबैधानीक नियुक्ति समेतमा हिस्सेदारी खोजेको, प्रधान न्यायाधीशज्यू समेत विपक्ष भएका मुद्दाको पेशी लामो समयसम्म प्रारम्भिक सुनुवाईमा नचढ्ने, कुनै मुद्दाहरु निश्चित माननीय न्यायाधीशहरुको ईजलासमा मात्र पेशी चढाउने, विचौलिया व्यक्तिहरुलाई संरक्षण गरेको समेतका बारेमा नेबाएले प्रधान न्यायाधीशज्यूलाई लिखित तथा मौखिक रुपमा जानकारी गराएको स्मरण गराउन चाहन्छौं ।

यसै बीच मिति २०७८/०७/०७ गतेका दिन सञ्चार माध्यममा आएका समसामयिक विषयहरु र नेबाएले समय समयमा उठाउँदै आएका सवालहरुमा सम्माननीय प्रधान न्यायाधीशज्यूसँग नेपाल बार एशोसिएशनको कार्यसमितिले भेटी स्पष्ट र खुला छलफल गरी

# नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np


प.सं.

मिति:


केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी


आफ्ना कुराहरु राखेको र सम्मानित सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीश ज्यूहरुसँग नेबाएको कार्यसमिति समेत बसि छलफल गर्ने भनी बैठक तय भई मिति २०७८/०७/०८ गते दिनको १:३० बजेका लागि संयुक्त बैठक आव्हान गरिएकोमा उक्त बैठक संचालन हुन नसकेको विषयलाई पनि नेबाएले गम्भीर रुपमा लिएकोछ । यस स्थितिमा बर्तमान न्यायपालिकाका प्रमुख सम्माननीय प्रधान न्यायाधीशज्यूले सहकर्मी न्यायाधीश समेतको विश्वास जिति सुदृढ र सक्षम नेतृत्व दिन नसकेको कुरा स्पष्ट भएको छ ।

सम्माननीय प्रधान न्यायाधीशज्यू निरन्तर रुपमा एक पछि अर्को विवादमा तानिनु भएको र त्यस्तो विवादले समग्र न्यायपालिकाको प्रतिष्ठा र गरिमामा गम्भीर आँच आई स्वतन्त्र न्यायपालिका प्रति नै गम्भीर प्रश्न उठेकोले अब उप्रान्त उहाँबाट संवैधानिक दायित्व पूरा हुन नसक्ने र यस विषम र विकराल परिस्थितिलाई समाधान गरि सबैको विश्वास जितेर समस्या समाधान गर्न असफल र असक्षम भई सक्नु भएकोले वर्तमान गतिरोधको अन्त्य गरि सहज निकास दिन सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूले अविलम्ब राजीनामा दिई मार्ग प्रशस्त गर्नु नै उपयुक्त हुन्छ भनी नेबाएको सल्लाहकार समितिको बैठकको सुझाव समेतका आधारमा नेबाएको मिति २०७८/०७/०५ गतेदेखिको निरन्तर बैठकको निर्णय अनुसार उहाँलाई पदत्याग गर्न आव्हान गर्दछौं ।

न्यायपालिकामा राजनीतिक हस्तक्षेप बढ्दै जानुमा नेपालको संविधानमा भएका सर्वोच्च अदालतका न्यायाधीशको संसदीय सुनुवाई सम्बन्धी व्यवस्था, संवैधानिक परिषद्मा प्रधान न्यायाधीशको संलग्नताको व्यवस्था, न्याय परिषद्को संरचना सम्बन्धी व्यवस्था लगायतका व्यवस्थाहरु पनि जिम्मेवार छन् भन्ने महसुस भएकोले नेपालको संविधानमा संशोधन गरि न्यायपालिकामा कार्यपालिका, व्यवस्थापिका र राजनीतिक दलहरुको हस्तक्षेप नहुने व्यवस्था गर्न नेपाल सरकार, संसद तथा राजनीतिक दलहरु समेतलाई आव्हान गर्दछौं ।

न्यायपालिकाको नेतृत्वमा रहेको व्यक्तिहरुलाई कार्यपालिकामा भाग दिन र न्यायाधीशहरुलाई मानपदवी समेत दिई न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामा प्रभाव पार्न खोज्ने सरकार र राजनीतिक दलहरुको कार्यप्रति समेत नेबाए घोर निन्दा र भर्त्सना गर्दछ ।

अन्तमा, सम्माननीय प्रधान न्यायाधीशज्यूले राजीनामा नदिएमा नेपाल बार एशोसिएशनले नेपाल राज्य भरका बार एकाईमार्फत आन्दोलनका कार्यक्रमहरु घोषणा गर्न बाध्य हुने व्यहोरा समेत जानकारी गराउँदछौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव